प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र, कैलाली

मिति: २०७८/०५/०१

प.सं. ...।७९
च.नं.

### विषय: घरभाडामा लिने सम्बन्धि सूचना ।

प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश अन्तर्गत स्थापना भएको कृषि ज्ञान केन्द्र, कैलालीको सम्पर्क केन्द्रको रुपमा "सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना एवं संचालन" गर्न बर्दगोरिया गाउपालिका वडा नं. १ बौनिया बजार क्षेत्रमा कार्यालय र स्टोर/जिन्सी प्रयोजनको लागि एउटा पक्की घर भाडामा लिनु पर्ने भएकोले तपशिलमा उल्लेखित सेवा सुविधा उपलब्ध गराउने तथा अन्य शर्तहरुको अधिनमा रही घर भाडामा दिन इच्छुक घरधनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०७८/०५/०७ गते सम्म) कार्यालय समयमा घर वहालको स्पष्ट मासिक मूल्यदर (१०% कर सहित) अङ्क र अक्षरमा लेखि/खुलाई रु.१०।- को हुलाक टिकट टाँस गरी यस कार्यालयको तारानगर, धनगढी स्थित कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगी एवं म्याद नाघि आएको निवेदन माथि कुनै कार्वाही हुने छैन ।

( खगेन्द्र प्रसाद शर्मा )

खगेन्द्र प्रसाद शर्मा
कार्यालय प्रमुख

**तपशिल:-**

१. प्रस्तावित घर कैलाली जिल्लाको बर्दगोरिया गाँउपालिका वडा नं. १, बौनिया बजारको चौराह/चौकबाट बढिमा ५०० मिटर भित्र सम्म हुनु पर्नेछ ।
२. घर कम्तीमा सात (७) कोठाहरु भएको र रंग रोगन गरिएको हुन पर्नेछ ।हालसालै बनेको घरलाई प्राथमिकता दिइनेछ ।
३. घर पिल्लर सिस्टममा निर्मित र छत ढलान गरिएको हुनु पर्नेछ ।
४. घरको परिसरमा गाडी तथा मोटरसाइकल पार्किङ्गको लागि प्रयास व्यवस्था भएको हुनु पर्नेछ ।
५. घरमा धारा, विजुली, टेलिफोन, इन्टरनेट र शौचालयको भरपर्दो र प्रयास सुविधाका साथै कम्तिमा एउटा कोठा शौचालय र बाथरुम सहितको (Attach ) भएको हुनु पर्नेछ ।
६. प्रस्ताव संगै बहालमा दिने घरको फोटो, नक्सापास प्रमाण पत्र, जग्गा धनी पुर्जा र घरधनिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
७. प्रस्तावकले खाम बाहिर "घर वहाल सम्वन्धी प्रस्ताव" भनी स्पष्ट लेखेको हुनु पर्ने छ ।साथै घर धनिले आफ्नो नाम, ठेगाना र सम्पर्क टेलिफोन नं. उल्लेख गर्नु पर्नेछ ।
८. कार्यालयमा रित पूर्वक दर्ता हुन आएका प्रस्तावहरु, प्रस्ताव पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको ११ बजे कृषि ज्ञान केन्द्र, धनगढी, कैलालीमा खोली मूल्याँकन गरिनेछ।प्रस्ताव खोल्दा निवेदकहरुको उपस्थिति आवश्यक पर्ने छैन।मूल्याँकन सम्वन्धि अन्तिम निर्णय कार्यालयको हुनेछ ।
९. प्रस्ताव दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिनमा माथी उल्लेखित समयमा दर्ता गर्ने र खोलिने कार्य गरिनेछ ।
१०. कार्यालयको आवश्यकतालाई ध्यानमा राखी उल्लेखित शर्तहरुमा थपघट गर्न सकिने छ ।
११. घरभाडामा लिने प्रकृया "सार्वजनिक खरिद नियमावली, २०६४ (पाँचौ संसोधन, २०७३ सहित)" को परिच्छेद-९ को दफा ९४, उपदफा (११) अनुसार हुनेछ ।
१२. घर भाडामा लिने वा नलिने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१३. यस सूचनामा नखुलेको विषयको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
१४. थप जानकारी आवस्यक परेमा यस कृषि ज्ञान केन्द्र, कैलालीको फोन नं. ०९१-५२३२८९ वा मोवाइल नं. ९८५८४७७२८९ मा सम्पर्क गर्न सकिने छ ।



Scanned with CamScanner